# कृषि–मौसम सल्लाह सेवा बुलेटिन

जारी मिति : *२५ असार २०७२*

कार्यान्वयन हुने अन्तिम मिति : *३१ असार २०७२*

लागि: बाँके जिल्ला

(जारी गर्ने: PPCR/BRCH/AMIS project, MOAD; AERD, NARC and Agro-met division, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसमी तथ्यांक

### गत हप्ता १७ असार २०७२ मा अन्त्य भएको मौसमी अवस्था

| मौसमी विवरण | गत हप्ता (११ असार २०७२ देखि १७ असार २०७२ सम्म) |
|---|---|
| कुल वर्षा (मि.मी.) | १८५.८ |
| अधिकतम तापक्रम (⁰सेन्टीग्रेड) को दायरा | २६.६–३५.७ |
| न्यूनतम तापक्रम (⁰सेन्टीग्रेड) को दायरा | २४.४–२६.१ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | १००–१०० |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ५९–१०० |
| हावाको गति (m/s) को दायरा | १.४–१.८ |
| हावाको दिशाको दायरा | दक्षिण–पुर्व देखि दक्षिण–पश्चिम |

### यस हप्ता १८ असार २०७२ देखि २४ असार २०७२ सम्मको मौसमी विवरण

| विवरण | दिन *(3 July 2015-9 July 2015)* | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १८/०३/०७२ | १९/०३/०७२ | २०/०३/०७२ | २१/०३/०७२ | २२/०३/०७२ | २३/०३/०७२ | २४/०३/०७२ |
| वर्षा (मि.मी.) | १.६ | ०.२ | ३१.६ | ११० | ०.२ | ११.४ | २.८ |
| अधिकतम तापक्रम (⁰सेन्टीग्रेड) | ३५.१ | ३५.३ | ३४.१ | २८.६ | ३४.५ | ३५.२ | ३५.० |
| न्यूनतम तापक्रम (⁰सेन्टीग्रेड) | २७.६ | २७.७ | २४.२ | २४.५ | २६.४ | २४.९ | २५.१ |
| अधिकतम सापेक्षित आर्द्रता (%) | १०० | १०० | १०० | १०० | ९८ | १०० | ९६ |
| न्यूनतम सापेक्षित आर्द्रता (%) | ६४.६ | ६७.६ | ९० | १०० | ६०.५ | ६७.१ | ५८.१ |
| हावाको गति (m/s) | १.५ | २.१ | १.३ | १.० | २.० | १.५ | १.६ |
| हावाको दिशा | दक्षिण–पश्चिम | दक्षिण–पश्चिम | दक्षिण–पूर्व | दक्षिण– पूर्व | दक्षिण–पश्चिम | दक्षिण | दक्षिण– पूर्व |

# कृषि-सल्लाह

## क. मौसमी विश्लेषण

- आगामी हप्तामा पनि वर्षा निरन्तर रहने सम्भावना छ । साथै सापेक्षित आर्द्रता औसतमा ६०% भन्दा माथि रहने तथा तापक्रम यस हप्ताकै जस्तै रहने सम्भावना छ ।

## ख. बालीनाली

### १. धान बाली

- असिंचित क्षेत्रमा लगाउने उन्नत जातको धानको लागि खेत हिल्याउने बेलामा आवश्यक पर्ने सम्पूर्ण मल ( डि.ए.पि – २१७० ग्राम, युरीया –३५०० ग्राम र म्युरेट अफ पोटास – १८५० ग्राम) प्रति कठ्ठाको दरले हाल्नु उपयुक्त हुन्छ ।
- सिंचित क्षेत्रमा लगाउने उन्नत जातको धानको लागि खेत हिल्याउने बेलामा आवश्यक पर्ने सम्पूर्ण मल ( डि.ए.पि – २१७० ग्राम, युरीया –२८१० ग्राम र म्युरेट अफ पोटास – १६७० ग्राम) प्रति कठ्ठाको दरले हाल्नु उपयुक्त हुन्छ ।
- धानको उन्नत जातमा सिफारिस गरिएको मलको मात्रा प्रयोग गर्नाले रोग, किराको प्रकोपबाट बच्न सकिन्छ ।
- धानमा झारपात नियन्त्रण गर्न दानादार ब्युटाक्लोर ८००–९०० ग्राम प्रति कठ्ठाको दरले सुख्खा बालुवा वा बलौटे माटोसँग मिसाएर धान रोपेको ३–४ दिन भित्र छर्नुपर्दछ ।

### २. मकै बाली

- वर्षा निरन्तर रहने देखिएकोले मकै बारीमा उकेरा लगाउने तथा पानी निकासको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- रामपुर कम्पोजिट मकै लगाउदा सिफारिस मात्रामा मलखाद राखेको खण्डमा युरिया ३७०० ग्राम प्रति कठ्ठाको दरले टपड्रेस गर्न उपयुक्त हुन्छ ।

### ३. अन्य

- केरा लगायत अन्य तरकारी बारीमा पानी जम्न नदिन पानी निकासको व्यवस्था गर्नुहोला ।
- पानी परिरहने तथा सापेक्षित आर्द्रता पनि बढि नै रहने सम्भावना भएकोले घरमा भण्डारण गरिएको खाद्यान्न तथा वीउहरुलाई किराबाट बचाउन समय समयमा हेरचाह गर्नुपर्ने हुन्छ ।

## ग. पशुपालन

- भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्रबाट सर्ने Leptospirosis नामक जुनोटिक रोगको प्रकोप बढि हुने भएकाले धान/खेतबारीमा खाली खुट्टा जानु उपयुक्त हुदैन र बुट लगाउन पर्दछ ।
- तापक्रम र सापेक्षित आर्द्रता बढी भएकाले कुखुरा र गाई–भैंसीको गोठमा पंखा तथा कुलरको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- गाई–गोरुमा साउने रोगको प्रकोप हुन नदिन लामखुट्टे र भुसुनाको टोकाई बाट बचाई राख्न झ्याल ढोकामा तार जालीको व्यवस्था गर्नु पर्छ । लामखुट्टे र भुसुनाको चहल पहल कम हुने बखत (विहान) मा चराउन लैजानु पर्छ ।